श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

नेपाल राजपत्रको खण्ड ३७ मिति २०४४।१२।२१ अतिरिक्ताङ्क ६२ (क) मा प्रकाशित यस मन्त्रालयको सूचनाअनुसार गठित घर जग्गा मूल्याङ्कन समितिहरूले पेश गरेको घर जग्गा मूल्याङ्कन प्रतिवेदनको आधारमा श्री ५ को सरकारले घर जग्गा कर प्रयोजनको लागि निम्नलिखित शहरी क्षेत्रहरूमा निम्नलिखित मूल्याङ्कन तालिकाबाट आर्थिक वर्ष २०४५।४६ देखि घर जग्गाको मूल्याङ्कन गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) नयाँ मूल्याङ्कन तालिका लागू भएको शहरी क्षेत्रहरूको नाम

| | | | |
|---|---|---|---|
| १. काठमाडौं | २. ललितपुर | ३. भक्तपुर | ४. भद्रपुर |
| ५. विराटनगर | ६. धरान | ७. राजविराज | ८. जनकपुर |
| ९. वीरगञ्ज | १०. हेटौंडा | ११. भरतपुर (नारायणघाट) | |
| १२. पोखरा | १३. पाल्पा | १४. भैरहवा | १५. बुटवल |
| १६. नेपालगञ्ज | | | |

शहरी क्षेत्रहरूको घर जग्गा मूल्याङ्कन आँकडा

(ख) घरको औषत लागत दरः– सबै शहरी क्षेत्रभित्रको घरको बनोटअनुसार निम्नबमोजिमको औषत लागत दर कायम गरिएको छ ।

घरको मूल्य कायम गर्ने तरिका

| घरको बनोट | प्रतिवर्गफुटको मूल्य |
|---|---|
| १. भित्र काँचो बाहिर पाको इंटमा, माटोको जोडाइ छाना जस्ता, झिगटी, टायल वा एसबेसटसहरू | १४०।– |
| २. भित्र बाहिर पाको इंटामा ऐ. ऐ. | १८०।– |
| ३. ऐ. ऐ. भित्र बाहिर सिमेण्ट प्लास्टर | २००।– |
| ४. ऐ. ऐ. भई छाना आर. बी. सी., आर. सी. सी. | २१०।– |
| ५. ऐ. ऐ. बज्रको जोडाइ छाना जस्ता, झिंगटी, टायल वा एसबेसटसहरू | २०५।– |
| ६. सि. नं. ५ बमोजिम भई सिमेण्ट प्लास्टर | २२३।– |
| ७. सि. नं. ६ बमोजिम भई छाना आर. बी. सी., आर. सी. सी. | २३२।– |



४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सिमेण्ट जोडाइ छाना जस्ता, टायल, झिंगटी र एसबेसटसहरू २२५।–
९. सि. नं. ८ बमोजिम भई छाना आर. बी. सी., आर. सी. सी. २३५।–
१०. आर. सी. सी. फ्रेम स्ट्रक्चर २३६।–
११. सि. नं. १० बमोजिम भई लिफ्ट जडान भएको २३८।–
१२. काठैकाठको घर छाना जस्ता, टायल, झिंगटी वा एसबेसटसहरू २१५।–

द्रष्टव्यः–

(क) काँचो इंट वा माटो वा बाँसको टांटी वा काठको टांटी वा गारो भई फुस, छ्वाली, खर, पराल र साधारण टिनको छाना भएको घरको मूल्याङ्कन नगर्ने ।

(ख) सिनेमा हलहरूको अघिल्लो भाग (मुख्य अडिटोरियम) गोदाम किसिम हुने हुँदा सो भागको मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने ।

(ग) जग्गाको हिसाब गर्दा घर खडा भएको जग्गाको समेत हिसाब गर्नु पर्नेछ । जग्गाको मोलमा टुटफुट कट्टी हुनेछैन ।

(ग) टुटफुट कट्टीः– घरको (ख) तालिकाअनुसार कायम हुनआएको मोलमा निम्न प्रतिशतको दरले टुटफुट कट्टी गरिनेछ ।

| | घरको बनोट | प्रतिवर्ष कट्टी गर्ने प्रतिशत | बढीसेबढी कट्टी गर्ने प्रतिशत | बढीसेबढी कट्टी गर्न पाउने वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | माटोको जोडाइ सबै किसिमको घर (१ देखि ४ सम्म) | २ | ६० | ३० | |
| २. | बज्रको जोडाइ सबै किसिमको घर (५ देखि ७ सम्म) | १.२५ | ५० | ४० | |
| ३. | सिमेण्टको जोडाइ सबै किसिमको घर (८ र ९) | ०.७५ | ५० | ६७ | |
| ४. | आर. सी. सी. फ्रेम स्ट्रक्चरको सबै किसिमको घर (१० र ११) | ०.५० | ५० | १०० | |
| ५. | काठको घर (१२) | २.५० | ८० | ३२ | |

(घ) माथि (ख) तालिकामा उल्लेखित औसत लागत दरबाट कायम हुनआउने घरको मूल्यमा (ग) तालिकामा उल्लेखित दरबाट पाउने ह्रासकट्टी (टुटफुट कट्टी) कट्टी गरी बाँकी हुनआउने मूल्यको ७० प्र. श. ले हुनआउने रकममात्र घरको करयोग्य मूल्य कायम गरिनेछ ।



४९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) घर कम्पाउण्डभित्रको जग्गाको दर

निम्नलिखित शहरी क्षेत्रमा निम्नलिखित अञ्चलभित्रको घर कम्पाउण्डको जग्गाको औषत मोल चलन चल्तीको आधारमा निम्नबमोजिम कायम गरिएको छ।

शहरी क्षेत्रहरूको अञ्चलअनुसार जग्गाको मोल

| सि.नं. | शहरी क्षेत्रको | इकाई | अञ्चलहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | काठमाडौं | रोपनी | २५००००० | १२५०००० | ७५०००० | २००००० | | | |
| २. | ललितपुर | " | १५००००० | ७५०००० | २५०००० | | | | |
| ३. | भक्तपुर | " | २००००० | १००००० | ५०००० | ३०००० | १५००० | १०००० | |
| ४. | भद्रपुर | कट्ठा | ५००००० | २५०००० | १२५००० | १००००० | ३०००० | १५००० | |
| ५. | विराटनगर | " | ८००००० | ४००००० | २००००० | १२५००० | ५०००० | ३५००० | २५००० |
| ६. | धरान | " | ६००००० | ३००००० | १५०००० | १००००० | ३०००० | | |
| ७. | राजविराज | " | ५००००० | २५०००० | १२५००० | १००००० | | | |
| ८. | जनकपुर | " | ८००००० | ४००००० | २००००० | १२५००० | ५०००० | | |
| ९. | वीरगञ्ज | " | ८००००० | ४००००० | २००००० | १२५००० | ५०००० | | |
| १०. | हेटौंडा | " | [illegible]००००० | ३५०००० | १७५००० | १२५००० | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं. | शहरी क्षेत्रको | इकाई | अञ्चलहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ११. | भरतपुर (नारायणघाट) | कट्ठा | ६००००० | ३००००० | १५०००० | १२५००० | | | |
| १२. | पोखरा | रोपनी | ११००००० | ५५०००० | २७५००० | १५०००० | ७५००० | | |
| १३. | पाल्पा | " | २००००० | १००००० | ५०००० | | | | |
| १४. | भैरहवा | कट्ठा | ७००००० | ३५०००० | १७५००० | १२५००० | | | |
| १५. | बुटवल | " | ७००००० | ३५०००० | १७५००० | १२५००० | | | |
| १६. | नेपालगञ्ज | " | ६००००० | ३००००० | १५०००० | १००००० | | | |

(च) उपर्युक्त (ङ) बमोजिमको जग्गाको मूल्य सोही अञ्चलमा पर्ने मूल सडकसंग जोडिएको घर जग्गाको लागि कायम भएको छ। तर मूल सडकमा जोडिएको घर जग्गाबाहेक अरू घर जग्गाको जग्गातर्फको मूल्य कायम गर्दा च. नं. १ मा उल्लेखित दरबाट पाउने छूट दिई जग्गाको मूल्य कायम गरिनेछ।

(च १) प्रत्येक शहरी क्षेत्रहरूको मूल सडकको नाम र अञ्चल सिमाना देहायबमोजिम कायम गरिएको छ।

मुद्रण विभाग, सिंहदरबार



४९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।